**अजोड इन्स्योरेन्स लिमिटेड**
**AJOD Insurance Limited**
हरेक कदमको सहयात्री...

मिति : वैशाख २५, २०८०
च.नं. अइलि/.........../ २०७९/०८०

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
सिंहदरवार प्लाजा, काठमाण्डौं
नेपाल ।

विषय : विशेष साधारण सभाको निर्णय सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८०/०१/२५ गते बसेको विशेष साधारण सभाबाट निम्न विशेष प्रस्तावहरु पारित गर्ने निर्णय भएको जानकारी गराउन चाहन्छौं ।

**(१) विशेष प्रस्तावहरु :**

१. अजोड इन्स्योरेन्स लि. तथा यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्वन्धी प्रस्ताव पारित गर्ने ।
२. अजोड इन्स्योरेन्स लि. तथा यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लि. एक आपसमा गाभिए पश्चात बन्ने निर्जीवन बीमा व्यवसाय गर्ने कम्पनीको नाम नेपालीमा **"युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड"** तथा अंग्रेजीमा **"United Ajod Insurance Limited"** कायम हुने गरी सो नामबाट निर्जीवन बीमा व्यवसाय गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।
३. अजोड इन्स्योरेन्स लि. तथा यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लि. एक आपसमा गाभिने/गाभ्ने (Merger) प्रयोजनका लागि मूल्याङ्कनकर्ता एस.आर. पाण्डे एण्ड कम्पनी (S.R Pandey & Co.) चार्टड एकाउण्टेण्टसद्वारा तयार गरिएको अजोड इन्स्योरेन्स लि. तथा यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लि. को चल/अचल सम्पत्ति, दायित्व तथा कारोवार मुल्याङ्कन प्रतिवेदन Due Diligence Audit (DDA) तथा अन्य सम्वद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको शेयर अनुपात ८२.५०:१०० कायम गर्ने गरि गाभ्ने/गाभिन (Merger) कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्न विशेष प्रस्ताव पारित गर्ने ।
४. अजोड इन्स्योरेन्स लि. तथा यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्वन्धी सहमती पत्र (Memorandum of Understanding), अन्तिम सम्झौता पत्र (Scheme of Arrangement) तथा अन्य भए गरेका सम्झौताहरु लगायत सम्पूर्ण काम कारवाहिको अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।
५. अजोड इन्स्योरेन्स लि. तथा यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनको लागि दुबै कम्पनीको चल/अचल सम्पत्ति, दायित्व तथा कारोवार मूल्याङ्कन प्रतिवेदन Due Diligence Audit (DDA) तयार गर्न नियुक्त गरेका लेखापरिक्षक/ मूल्याङ्कनकर्ता एस.आर. पाण्डे

सि.टि.सी. मल, सातौं तल्ला, बागदरबार मार्ग, सुन्धारा, पोष्ट बक्स नं. २६४१२, काठमाडौं, नेपाल

एण्ड कम्पनी (S.R Pandey & Co.) चार्टड एकाउण्टेण्टस्को नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने ।

६. अजोड इन्स्योरेन्स लि. तथा यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लि. एक आपसमा गाभिने/गाभ्ने (Merger) प्रयोजनको लागि भएको सम्झौता बमोजिम सोको आवश्यक स्वीकृतिका लागि नियमनकारी निकायमा निवेदन दिने र गाभ्ने/गाभिने (Merger) कार्यसँग सम्बन्धित कानून, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सम्वन्धमा नियमनकारी निकायहरुबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने र गाभ्ने/गाभिने (Merger) कार्य सम्बन्धमा गर्नु पर्ने सम्पूर्ण कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

७. अजोड इन्स्योरेन्स लि. तथा यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लि. एक आपसमा गाभिए पछि बन्ने कम्पनीमा गठन हुने सञ्चालक समितिमा यस कम्पनीको तर्फबाट प्रतिनिधिहरु तोक्ने अधिकार सञ्चालक समितिलाई दिने तथा गाभिए पछि बन्ने कम्पनीको सञ्चालक समितिमा यूनाइटेड कम्पनी (नेपाल) लि. बाट आउनुहुने सञ्चालकलाई पदस्थापन एवं अनुमोदन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

८. अजोड इन्स्योरेन्स लि. को हाल कायम सञ्चालक समितिका सदस्यहरुको कार्यकाल जतिसुकै बाँकी रहको भएतापनि गाभ्ने/गाभिने कार्य सम्पन्न भई साविक दुबै कम्पनीबाट प्रतिनिधित्व रहने गरि नयाँ सञ्चालक समिति गठन भए पश्चात विद्यमान सञ्चालकहरुको बाँकी कार्यकाल स्वत: समाप्त भएको मानिने तथा नयाँ सञ्चालक समितिको कार्यकाल समेत गाभिएपछि बन्ने कम्पनीको वार्षिक/विशेष साधारण सभा नभए सम्म मात्र कायम रहने प्रस्ताव पारित गर्ने ।

९. उपरोक्त प्रस्तावहरुको सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन वा फेरबदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव दिएमा सोहि बमोजिम गर्न तथा अभिलेख गर्दा गराउँदा केहि हेरफेर गर्न संशोधन सम्बन्धी कागजात प्रमाणीत गर्न, दाखिल खारेज गर्न, र सम्बन्धित निकायबाट अभिलेख गराई लिन समेत सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

(२) विविध ।

भवदीय,

.....................

बैद्यनाथ प्रसाद उपाध्याय

कम्पनी सचिव/मुख्य प्रवन्धक

अजोड इन्स्योरेन्स लि.